# NDIS पहुँच

**बहुसांस्कृतिक सहकर्मी सञ्जाल (Multicultural Peer Network)**



## NDIS को बारेमा

- NDIS ले अपाङ्गता भएको व्यक्तिलाई उनीहरूको **व्यक्तिगत आवश्यकता र लक्ष्यहरूमा सहायता गर्न अनुदान** प्रदान गर्दछ।
- NDIS **स्थायी र उल्लेखनीय अपांगता भएका** व्यक्तिको लागि हो।
- NDIS ले व्यक्तिलाई **"उचित र आवश्यक" समर्थनहरू** खरिद गर्न मद्दत गर्छ।
- NDIS ले अपांगता भएको व्यक्तिलाई उनीहरूको जीवनमा **छनौट** र **नियन्त्रण** प्रदान गर्दछ
- NDIS ले व्यक्तिको **स्वतन्त्रता**, उनीहरूको सामाजिक र आर्थिक सहभागिता लगायत, वृद्धि गर्न मद्दत गर्दछ
- NDIS **नि:शुल्क** हुन्छ।

## मेरो NDIS मार्ग

NDIS मार्ग भनेको तपाईंलाई नयाँ NDIS सहभागी बन्न मद्दत गर्न डिजाइन गरिएका चरणहरूको शृङ्खला हो: https://www.ndis.gov.au/participants

| | | | | |
|---|---|---|---|---|
| एनडीआईएस (NDIS) के हो? | म NDIS मा कसरी पहुँच गर्न सक्छु? | मेरो पहिलो योजना | मेरो योजना सुरू गर्दा | मेरो योजनाको समीक्षा गर्दा |

जानकारीहरू विभिन्न भाषामा उपलब्ध छ: https://www.ndis.gov.au/languages

## यसमा को योग्य हुन्छन्?

1. **अष्ट्रेलियामा** बसिरहेका
2. **0 र 65 वर्ष** बीचको उमेर हुनुपर्छ
3. **अष्ट्रेलियाको नागरिक, स्थायी निवासी** वा **विशेष संरक्षित वर्गीकरणको भिसा भएको** हुनेपर्नेछ
4. **स्थायी (आजीवन) हानि वा त्यस्तो अवस्थाको सम्भावना भए**कोर यसले तिनीहरूको दैनिक कामहरू आफैं गर्न सक्ने क्षमतालाई सीमित गर्ने अवस्था भएको।

NDIS पहुँच चेकलिस्ट: https://www.ndis.gov.au/applying-access-ndis/am-i-eligible

## स्थायी र उल्लेखनीय अपांगता

**स्थायी अपांगताको** मतलब यो जीवनभरको लागि तपाईं सँग हुनसक्ने सम्भावना भएको अपांगता हो।

**उल्लेखनीय अपांगताले** दैनिक गतिविधिहरूमा भाग लिने तपाईंको क्षमतालाई असर गर्छ।

## उचित र आवश्यक सहायता

उचित र आवश्यक सहायताहरूले तपाईंलाई आफ्नो लक्ष्य र सपनाहरू पछ्याउन, तपाईंको स्वतन्त्रता निर्माण गर्न, तपाईंको सामाजिक, आर्थिक र सामुदायिक सहभागिता बढाउन, र तपाईंलाई सामान्य जीवन बिताउन मद्दत गर्दछ।

**समावेश भएका सहायताहरू:**

> तपाईको अपांगतासंग सम्बन्धित
> प्रभावकारी र लाभदायक छन्
> रकमअनुसारको मूल्यवान
> अर्को प्रणालीबाट अनुदान प्राप्त छैन।

**रोजगारी** — काम खोज्ने, प्राप्त गर्ने र गरिराख्ने

**शिक्षा** — शिक्षा प्राप्त गर्दा (जस्तै विद्यालय, TAFE वा विश्वविद्यालय)

**बस्ने व्यवस्था** — घर परिमार्जनहरूसहित जस्तै सजिलो पहुँचवाला र्‍याम्प, शौचालय आदि

**स्वास्थ्य र कल्याण** — विशेषज्ञहरू (जस्तै फिजियोथेरापिस्ट, आहारविद्, परामर्शदाता) देखाउने, साथै तपाईं स्वस्थ जीवनशैली जिउनुहुन्छ भन्ने सुनिश्चित गर्न ख्याल गर्ने कोही हुनु।

**सामाजिक सहभागिता** — स्थानीय गतिविधिहरूमा पहुँच र स्थानीय समुदाय समूहहरू फेला पार्ने

**स्वतन्त्रता** — आफ्नो लागि हेरचाह प्रदान गर्ने

**पारिवारिक सम्बन्धहरू** र **सांस्कृतिक विश्वासहरू** कायम राख्ने

**समावेश नभएका सहायताहरू:**

> अपांगता सहायता आवश्यकताहरूसँग असम्बन्धित दैनिक जीवनयापनका लागतहरू
> पहिले नै अन्य सेवा प्रणालीहरूमार्फत अनुदान प्राप्त सहायताहरू
> कुनै व्यक्तिलाई हानि पुर्‍याउन वा अरूको लागि जोखिम निम्त्याउने सम्भावना भएका सहायता

SSI settlementservices international

## तपाईंको पहुँच अनुरोधलाई सहायता गर्न जानकारी सङ्कलन गर्दा

- परिवार र साथीहरूसँग कुरा गर्नुहोस्
- आफ्नो लक्ष्य र तपाईलाई चाहिने सहायताहरू लेख्नहोस्
- आफ्नो सहयोगी व्यक्ति छान्नुहोस्
- सबै सान्दर्भिक कागजातहरू र रिपोर्टहरू (समर्थन प्रमाणहरू) सङ्कलन गर्नुहोस्।

## आफ्नो प्रमाण प्रदान गर्दा

- पहुँच अनुरोध फाराम (Access Request Form)
- NDIS सहायता प्रमाण फाराम (Supporting Evidence Form)।

## मद्दत गर्नसक्ने पेशेवर स्वास्थ्यकर्मीहरू

- सामान्य चिकित्सकहरू
- पेशागत चिकित्सकहरू
- वाक् विशेषज्ञहरू
- मनोवैज्ञानिकहरू
- फिजियोथेरापिस्टहरू।

## राष्ट्रिय अनुवाद तथा दोभाषे सहायता (TIS (Translating Interpreting Support) National)

TIS National NDIS जस्ता उपलब्ध सेवाहरूमा पहुँच पाउन अङ्ग्रेजीबाहेक अन्य भाषा प्रयोग गर्न रूचाउने मानिसहरूका लागि एक दोभाषे सेवा हो।
यसमा निम्न सेवाहरू समावेश छन्:

- तत्काल फोन दोभाषे सेवा
- पहिले बुक गरिएको फोन दोभाषे सेवा
- प्रत्यक्ष दोभाषे सेवा।

## एक दोभाषे सेवा प्राप्त गर्न

- TIS National लाई **131 450** मा मा फोन गर्नुहोस् वा NDIS सँग **1800 800 110**मा कुरा गराउन अनुरोध गर्नुहोस्।
- **1800 555 677** फोन गरेर TTY फोन प्रयोग गर्नुहोस्
- दोभाषे सेवाहरू **नि:शुल्क** छन्
- दोभाषेहरूले बोलेका शब्दहरूको अनुवाद गर्छन् तर **सल्लाह दिँदैनन्**
- NDIS योजनाकारहरू, प्रारम्भिक बाल्यकाल प्रारम्भिक मध्यस्थता सेवाहरू, LAC सेवाहरू वा सहायता समन्वयकहरूले तपाईंलाई दोभाषे खोज्न वा बुक गर्न मद्दत गर्न सक्छन्।

## समुदाय सहायताहरू

- अस्पताल, जीपी र अन्य चिकित्सा सेवाहरू
- शैक्षिक सेवाहरू
- Centrelink र भुक्तानीहरु
- अन्य सामुदायिक सेवाहरू।

## Centrelink भुक्तानीहरु र NDIS प्याकेजहरू

Centrelink लाभहरू र भुक्तानीहरू NDIS प्याकेजकोअनुदानबाट पूर्णरूपमा फरक छन्। उदाहरणका लागि, यदि तपाईंले Centrelink बाट अपांगता सहायता पेन्सन प्राप्त गर्नुभयो भने, NDIS प्याकेज यसको अतिरिक्त भक्तानी हुनेछ।

> **तपाईंसँग NDIA सँगको बैठकहरूमा तपाईंको सहयोगी व्यक्ति भएको निश्चित गर्नुहोस्।**

बहुसांस्कृतिक सहकर्मी सहायता सञ्जाल (MPN) अन्तर्राष्ट्रिय बसोबास सेवा (Settlement Services International (SSI)) को एउटा पहल हो। परियोजनालाई अष्ट्रेलिया सरकारको सामाजिक सेवा विभाग (Department of Social Services) द्वारा आर्थिक सहायता उपलब्ध छ।

www.ssi.org.au/services/disability-services/multicultural-peer-network

SSI settlementservices international